# भोजपुर जिल्ला अदालत

## भोजपुर

फोन नं ०२९४२०१९५, ४२०७११
**Email:** info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np

पत्र संख्याः २०७७/०७८
चलानी नंः .

मिति २०७७/०४/२८

## विषयः- मेलमिलापकर्ताको रुपमा सूचिकृत हुने तथा सूची अध्यावधिक गर्ने सम्वन्धी सूचना।

(प्रथम पटक प्रकाशित)

मेलमिलाप सम्वन्धि नियमावली, २०७० को नियम ९ मा र जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० मा प्रत्येक बर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन चहाने व्यक्ति वा संस्थाबाट निवेदन माग गर्नु पर्ने र सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अध्यावधिक गर्नुपर्ने भन्ने व्यवस्था भएको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत हुनु भएका मेलमिलापकर्ताहरुको सूची अध्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन चहाने व्यक्ति वा संस्थाको लागि मेलमिलापकर्तामा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ। यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत हुनु भएका मेलमिलापकर्ताहरुले मेलमिलापकर्ताको रुपमा आफ्नो नाम अध्यावधिक गराउन र नयाँ मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन चहाने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र निम्न कागजातहरु सहित यस अदालतको प्रशासन शाखामा निवेदन दिनुहुन यसै सूचना द्वारा जानकारी गराइएको छ।

### निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. मेलमिलाप परिषदबाट जारी भएको, मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिप।
२. नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
४. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि।
५. मेलमिलाप सम्वन्धी, तालिमको प्रमाणपत्रको प्रतिलिपि।
६. मेलमिलापकर्ताको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति।
७. अन्य जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नु हुन।

सम्पर्क नम्वर :- ०२९-४२०१९५ मोवाइल नं. :- ९८५२०७७६२२, ९८५२०७७१९५

०७७/४/२८

(नवराज कार्की)
स्रेस्तेदार उपसचिव

नोट :- निवेदन फाराम यस अदालतको प्रशासन शाखा वा मेलमिलाप शाखाबाट प्राप्त गर्न सकिनेछ।